

पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily

रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक २८ गते शनिबार ❑ 14 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

पोखरामा लक्ष्य भन्दा १३ प्रतिशत बढी राजस्व संकलन

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

आन्तरिक राजस्व कार्यालय पोखराले चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामै राजस्व संकलनमा लक्ष्यभन्दा बढी प्रगति हासिल गरेको छ । कार्यालयले असोज मसान्तसम्ममा निर्धारित लक्ष्यभन्दा १३ प्रतिशत बढी राजस्व संकलन गरेको हो ।

कार्यालयले असोज मसान्तसम्म १ अर्ब ५१ करोड २७ लाख ७६ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा १ अर्ब ७१ करोड ५७ लाख ९८ हजार रुपैयाँ संकलन गर्न सफल भएको कार्यालयले जनाएको छ । यो निर्धारित लक्ष्यभन्दा २० करोड ३० लाख २२ हजार रुपैयाँ बढी हो । लक्ष्यको तुलनामा कार्यालयले ११३ प्रतिशत प्रगति हासिल गरेको देखिन्छ ।

विभिन्न कर शीर्षकमा भएको संकलन र नेपाल सरकारले उपलब्ध गराएका कर छुट सुविधा तथा करदाता प्रोत्साहन कार्यक्रमले राजस्व वृद्धिमा सहयोग पुऱ्याएको आन्तरिक राजस्व कार्यालय पोखराका प्रमुख कर अधिकृत शिवप्रसाद ढुंगानाले बताउनु भयो । राजस्व संकलनको तथ्यांक हेर्दा आयकरतर्फ सबैभन्दा बढी प्रगति भएको छ । आयकरमा ७९ करोड ४४ लाख ८३ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य रहेकामा १ अर्ब ८ करोड ८३ लाख २२ हजार रुपैयाँ संकलन भएको उहाँले जनाउनु भयो । यो लक्ष्यभन्दा २९ करोड ३८ लाख ३९ हजार रुपैयाँ बढी हो ।

त्यस्तै अन्तःशुल्कतर्फ ६ करोड १७ लाख ४५ हजार रुपैयाँ लक्ष्य रहेकामा ८ करोड ८३ लाख २२ हजार रुपैयाँ संकलन भएको छ । यो लक्ष्यभन्दा करिब ४३ प्रतिशत बढी हो । अन्य कर शीर्षकमा ६१ लाख ७६ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य रहेकामा २ करोड ३७ लाख ६ हजार रुपैयाँ राजस्व उठेको छ । तर सबै कर शीर्षकको अवस्था भने समान छैन । घर बहालकर, ब्याजकर र मूल्य अभिवृद्धि कर (मूअकर) मा लक्ष्यअनुसार राजस्व संकलन हुन सकेको छैन । घर बहालकरमा १ करोड ८१ लाख ९१ हजार रुपैयाँ लक्ष्य रहेकामा १ करोड ३१ लाख ३८ हजार रुपैयाँ मात्र संकलन भएको छ । यो लक्ष्यको करिब ७२ प्रतिशत हो । ब्याजकरतर्फ ९ करोड ८८ लाख ८२ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य रहेकामा ४ करोड ८७ लाख १५ हजार रुपैयाँ मात्र उठेको छ । यसले लक्ष्यको करिब ४९ प्रतिशत प्रगति देखाउँछ ।

त्यस्तै मूल्य अभिवृद्धि करतर्फ ५३ करोड ३२ लाख ९९ हजार रुपैयाँ लक्ष्य रहेकामा अपेक्षित संकलन हुन सकेको छैन । यी शीर्षकमा देखिएको कमीलाई आगामी महिनामा सुधार गर्नु कार्यालयका लागि चुनौतीका रूपमा देखिएको छ । कार्यालयका कर्मचारी सुदिप रेग्मीले राजस्व संकलनको लक्ष्य पूरा गर्नुका साथै करदातालाई कर प्रणालीप्रति जिम्मेवार र सचेत बनाउनु पनि उत्तिकै महत्वपूर्ण रहेको बताउनु भयो ।

यसैबीच, आन्तरिक राजस्व कार्यालय पोखराले राष्ट्रिय कर दिवस, २०८३ को अवसरमा मंसिर १ देखि ७ गतेसम्म सप्ताहव्यापी कार्यक्रम आयोजना गर्ने भएको छ । 'कर न्याय र सुशासनको सुनिश्चितता, समृद्धिमा नागरिक सहभागिता' भन्ने मूल नाराका साथ सञ्चालन हुने कर सप्ताहमा प्रभातफेरी, करदाता शिक्षा, अन्तरक्रिया, प्रशिक्षण, खेलकुद तथा उत्कृष्ट करदाता सम्मानलगायत कार्यक्रम गर्ने तयारी गरेको पोखराका प्रमुख कर अधिकृत ढुंगानाले बताउनु भयो ।

कार्यक्रमको पहिलो दिन मंसिर १ गते बिहान ७ बजे पोखरा सभागृहबाट प्रभातफेरी निकालिने भएको उहाँले जनाउनु भयो । प्रभातफेरी पोखराका विभिन्न भागको परिक्रमा गर्दै रत्नचोकस्थित आन्तरिक राजस्व कार्यालयमा पुगेर सभामा परिणत हुनेछ । मंसिर २ देखि ६ गतेसम्म पोखराका विभिन्न स्थानमा वस्तुगत संघ-संस्थाका प्रतिनिधिसँग करसम्बन्धी अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने कार्यालयले जनाएको छ ।

कर प्रणाली, करदाताका दायित्व, करसम्बन्धी व्यवस्था र कर सहभागिताबारे जानकारी दिने उद्देश्यले यस्ता कार्यक्रम आयोजना गर्न लागिएको हो । त्यसैगरी मंसिर ५ र ६ गते छोरेपाटनस्थित डेभिस फल फुटसल सेन्टरमा मैत्रीपूर्ण फुटसल प्रतियोगिता आयोजना गरिनेछ । कर सप्ताहको अन्तिम दिन मंसिर ७ गते आन्तरिक राजस्व कार्यालय पोखराको परिसरमा विशेष समारोह आयोजना गरी उत्कृष्ट करदातालाई सम्मान गरिनेछ ।

पोखरामा रोकिराखेको जिपमा स्कुटर ठोक्किँदा दुई युवकको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

पोखराको जिरो किलोमिटरमा रोकिराखेको बोलेरो जिपमा स्कुटर ठोक्किँदा शुक्रबार दिउँसो स्कुटरमा सवार दुई युवकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा म्याग्दीको मङ्गला गाउँपालिका दारुङ घर भएका २१ वर्षीय विवेक दर्जी र म्याग्दीकै रघुगङ्गा गाउँपालिका-३ का २६ वर्षीय मोहन परियार रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी निरीक्षक रामजी देवकोटाले जानकारी दिनुभयो ।

पोखरा-५ जिरो किलोमिटर नजिक दिउँसो अन्दाजी २:५० बजेको समयमा रोकिराखेको लु३च ५२७४ नम्बरको बोलेरो जिपमा ग२३प १७१६ नम्बरको स्कुटर पछाडिबाट ठोक्किदाँ गम्भीर घाइते दुवै जनालाई उपचारका लागि गण्डकी मेडिकल कलेजमा लगिएको थियो । उपचारका क्रममा चिकित्सकले दुवैलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

बोलेरो जिपका चालक पोखरा-२८ कालिका बस्ने ४८ वर्षीय अमृत बजगाईं र दुवै सवारीसाधनलाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक देवकोटाले जानकारी दिनुभयो ।

श्रीधर शर्माले मुख्यमन्त्रीसहित मन्त्रीविरुद्ध अदालतको अवहेलना मुद्दा दायर गरे

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

गण्डकी प्रदेश खेलकुद परिषद्का पदमुक्त सदस्य सचिव श्रीधर शर्माले आफूलाई पदमुक्त गर्ने प्रदेश सरकारको निर्णयविरुद्ध मुख्यमन्त्रीसहित मन्त्री तथा सम्बन्धित सरकारी निकायविरुद्ध उच्च अदालत पोखरामा अदालतको अवहेलना रिट दायर गर्नुभएको छ ।

आफूविरुद्धको छानबिन, प्रतिवेदन र स्पष्टीकरणसम्बन्धी विषय उच्च अदालतमा विचाराधीन रहेकै अवस्थामा मन्त्रिपरिषद्ले पदमुक्त गर्ने निर्णय गर्नु अदालतको आदेश र न्यायिक प्रक्रियाको अवमूल्यन भएको शर्माको जिकिर छ । शर्माले शुक्रबार मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, खेलकुदमन्त्री, सम्बन्धित मन्त्रालयलगायतलाई विपक्षी बनाई अदालतको अवहेलनासम्बन्धी निवेदन दर्ता गराएको जानकारी दिनुभयो । उहाँका अनुसार आफूविरुद्धको मुद्दा अदालतमा विचाराधीन रहेको र त्यसमा छलफलको मिति नै तोकिएको अवस्थामा सरकारले पदमुक्त गर्ने निर्णय गरेपछि कानुनी उपचार खोज्नुपरेको हो ।

शर्माले अदालतको अवहेलना तथा मानहानिसम्बन्धी विषयमा सम्बन्धित पदाधिकारी र कर्मचारीलाई विपक्षी बनाउँदै कानुनी प्रक्रिया अघि बढाएको बताउनुभयो । उहाँले आफ्नो पदमुक्तिको निर्णयसमेत बदर गर्न माग गर्दै कानुनी परामर्श र छलफलपछि अदालत पुगेको जानकारी दिनुभयो । उहाँका अनुसार नयाँ निवेदनमा मंसिर १ गतेका लागि पेसी तोकिएको छ ।

यसअघि शर्माले सरकारको छानबिन समिति, त्यसको प्रतिवेदन र स्पष्टीकरण पत्र खारेज गर्न माग गर्दै गत कात्तिक ९ गते उच्च अदालत पोखरामा रिट दायर गर्नुभएको थियो । उक्त रिट नम्बर २०८३-डब्लुओ-००४८ मा कात्तिक १० र १३ गते सुनुवाइ भएको थियो । शर्माका अनुसार अदालतले विपक्षी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सक्कल कागजात झिकाउनुपर्ने अवस्था देखिएकाले अन्तरिम आदेशसम्बन्धी छलफलका लागि मंसिर २ गतेको पेसी तोकेको थियो । अदालतमा मुद्दा विचाराधीन रहेकै अवस्थामा आफूलाई पदमुक्त गरिएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

पर्यटकले भरियो सिक्लेस, भ्रमणअघि अग्रिम जानकारी दिन आग्रह

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक



कास्कीको मादी गाउँपालिका-१ स्थित पर्यटकीय गाउँ सिक्लेसमा पर्यटकको चाप बढेपछि भ्रमणमा जानुअघि अग्रिम जानकारी गराउन आग्रह गरिएको छ ।

तिहारको भोलिपल्ट कात्तिक २६ गते एकैदिन एक हजार ३२४ जना पर्यटक सिक्लेस पुगेका छन् । मादी गाउँपालिका-१ का वडाध्यक्ष देवीजङ्ग गुरुङका अनुसार पर्यटक सूचना केन्द्रको तथ्याङ्कमा उक्त सङ्ख्या देखिएको हो । सिक्लेस पुगेका पर्यटकमध्ये अधिकांश आन्तरिक र नौ जना विदेशी रहेका छन् ।

एकैदिन ठूलो सङ्ख्यामा पर्यटक पुगेपछि स्थानीय होटल तथा होमस्टेमा पाहुना व्यवस्थापन गर्न कठिनाइ भएको वडाध्यक्ष गुरुङले बताउनुभयो । केही होटल तथा होमस्टे सञ्चालक तिहार मनाएर गाउँ नफर्किएका कारण व्यवस्थापनमा थप समस्या भएको उहाँको भनाइ छ । पर्यटकको चाप व्यवस्थापन गर्न भ्रमणअघि जानकारी गराउन आग्रह गरिएको उहाँले बताउनुभयो । सिक्लेस होटल व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्रजङ्ग गुरुङ 'पारस'ले अग्रिम जानकारी र बुकिङ नगरी ठूलो सङ्ख्यामा पर्यटक पुग्दा होटल तथा होमस्टेको क्षमताभन्दा बढी चाप परेको बताउनुभयो । यद्यपि गाउँमा आफन्त तथा स्थानीयका घरमा राखेर भए पनि पर्यटकको व्यवस्थापन गरिएको उहाँले जानकारी दिनुभयो ।

दसैँतिहारपछि सिक्लेस आउने पर्यटकको सङ्ख्या बढ्दै गएकाले भ्रमणमा निस्कनुअघि सम्बन्धित होटल, होमस्टे वा पर्यटन व्यवसायीसँग सम्पर्क गर्न अध्यक्ष गुरुङले आग्रह गर्नुभएको छ । उहाँका अनुसार सिक्लेसमा ३२ होटल र ३७ होमस्टे सञ्चालनमा छन् । ती होटलमा एक हजार २०० र होमस्टेमा ३५० जना पाहुना राख्न सकिन्छ । गाउँका अन्य घरमा समेत पाहुना व्यवस्थापन गर्दा एकैदिन करिब दुई हजार पर्यटकलाई सेवा दिन सकिने भए पनि अग्रिम जानकारीबिना पर्यटक पुग्दा व्यवस्थापनमा समस्या हुने उहाँले बताउनुभयो ।

सिक्लेस पर्यटन व्यवस्थापन समितिका अध्यक्ष लेखबहादुर गुरुङले पर्यटकको आगमनले स्थानीयको आम्दानी र रोजगारी बढाएको बताउनुभयो । उहाँका अनुसार गाउँका होटल तथा होमस्टेमा करिब १०० स्थानीयले रोजगारी पाएका छन् । पर्यटकको चाप बढ्दा सञ्चालकका परिवारका सदस्यले समेत पाहुना व्यवस्थापनमा सहयोग गर्ने गरेका छन् । पोखराबाट ३८ किलोमिटरको दूरीमा रहेको सिक्लेसमा करिब ४०० घर छन् । गुरुङ समुदायको बाहुल्यता रहेको यस गाउँमा आउने अधिकांश पर्यटक प्रख्यात पर्यटकीय गन्तव्य कोरी र क्हफुचे हिमतालसम्म पदयात्रा गर्न पुग्ने गरेका छन् ।

नवनियुक्त चार न्यायाधीशद्वारा शपथग्रहण

रासस
काठमाडौं, २७ कार्तिक


राष्ट्रपति रामचन्द्र पौडेलको समुपस्थितिमा प्रधानन्यायाधीश डा मनोजकुमार शर्माले सर्वोच्च अदालतका नवनियुक्त चार न्यायाधीशहरूलाई पद तथा गोपनियताको शपथग्रहण गराउनुभएको छ ।

शीलत निवासस्थित राष्ट्रपति कार्यालयमा शुक्रबार आयोजित समारोहमा प्रधानन्यायाधीश डा शर्माले नवनियुक्त न्यायाधीशहरू डा रत्नबहादुर बागचन्द, चन्द्रबहादुर सारू, जनक पाण्डे र गोकर्ण डाँगीलाई शपथग्रहण गराउनुभएको हो ।

यसैगरी नवनियुक्त चार न्यायाधीशहरूले पदवहाली गर्नुभएको छ ।

न्याय परिषद्ले सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्तिका लागि चार न्यायाधीशको नाम सिफारिस गरेको थियो ।

न्याय परिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले सर्वोच्च अदालतका लागि चार न्यायाधीशलाई नियुक्त गर्नुभएको थियो । यसअघि, प्रस्तावित चारै न्यायाधीशको संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएको थियो । न्याय परिषद्ले सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्तिका लागि सिफारिस गरेको थियो ।



रत्न मन्दिर र हिमागृहको जग्गा लिजमा नदिन जिसस कास्कीको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक



जिल्ला समन्वय समिति कास्कीले पोखराको बाराही घाटस्थित जग्गा,रत्न मन्दिर र हिमागृहको जग्गा लिजमा नदिन आग्रह गरेको छ।

जिल्ला समन्वय कास्कीको शुक्रबार सम्पन्न ५४ औं बैठकले निर्णय गरे बमोजिम उक्त आग्रह गरेको हो।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले पोखरा महानगरपालिका लगायत कास्की जिल्ला भित्र रहेका सरकारी तथा सार्बजनिक जग्गाको संरक्षण र सम्बर्दन गर्नु प्रत्येक व्यक्तिको कर्तब्य भित्रपर्ने र ऐतिहासिक, प्राकृतिक,पुरातात्विक र साँस्कृतिक सम्पदाको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो। हालैका दिनहरूमा साँस्कृतिक सम्पदाको संरक्षण गर्नुको साटो उल्टै अतिक्रमण गर्ने भाडा वा लिजमा दिने र लिने कार्य प्रति जिसस कास्कीको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्नुभयो।

यसै सन्दर्भमा नेपाल ट्रष्टको नाममा रहेको पोखराको बाराही घाटस्थित जग्गा,रत्न मन्दिर र हिमागृहको जग्गा फेवातालको सिमा मापदण्डभित्र समेत पर्ने भएकोमा नेपाल ट्रष्टले ३० बर्षे अबधी राखी लिजमा दिन गैरहेको भन्ने विभिन्न संचार माध्यममार्फत सार्बजनिक भएको समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको हुँदा सो कार्य हुन् नदिन र ऐतिहासिक महत्वका जग्गा र सम्पदाको यथोचित संरक्षण र ब्यबस्थापन गर्न नेपाल सरकार ,प्रदेश सरकार र स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरिएको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले जानकारी दिनुभयो । बैठकले जिल्ला समन्वय समिति कास्कीको पाँच बर्षे कार्यकालको गतिविधि समेटेर स्मारिका प्रकाशन गर्ने निर्णय समेत गरेको जिल्ला समन्वय अधिकारी नवराज बरालले बताउनुभयो।



फेवातालमा पर्यटकको चहलपहल : पर्यटकीय राजधानी पोखराको प्रमुख पर्यटकीय गन्तव्य फेवातालमा शुक्रबार दिउँसो डुङ्गा चढ्ने पर्यटकको घुइँचो। तिहार लगत्तै पोखरामा आन्तरिक पर्यटकको चहलपहल उल्लेख बढेको छ। तस्बिरः कृष्ण दवाडी/रासस

वन्यजन्तु संरक्षणमा चुनौती बन्दै छाडा कुकुर

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

अन्नपूर्ण संरक्षण क्षेत्रमा पाइने दुर्लभ वन्यजन्तु संरक्षणमा छाडा कुकुर चुनौती बनेको छ । छाडा कुकुरले कस्तुरीमृग, नाउरलगायतका वन्यजन्तुलाई आक्रमण गरी सिकार गर्ने गरेको छ । छाडा कुकुर नियन्त्रण तथा व्यवस्थापनको प्रयास भए पनि वन्यजन्तुमाथि छाडा कुकुरको आक्रमण नरोकिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रविन कडरियाले बताउनुभयो।

उहाँका अनुसार गत आव २०८२/८३ मा मनाङको हुम्डेमामा छाडा कुकुरको आक्रमणबाट चारवटा कस्तुरीमृग मरेका थिए। आव २०८१/८२ मा हुम्डेमै एउटा कस्तुरीमृग र आव २०८०/८१ मा मुस्ताङमा तीनवटा कस्तुरीमृग, एउटा स्याल, कास्कीको घान्द्रुकमा एउटा रतुवामृग र मनाङमा एउटा नाउरलाई छाडा कुकुरले सिकार गरेको थियो।

"अन्नपूर्ण संरक्षण क्षेत्रका वन्यजन्तु बर्सेनि छाडा कुकुरको सिकार बन्ने गरेका छन्", आयोजना प्रमुख डा कडरियाले भन्नुभयो, "कुकुर नियन्त्रणका लागि गत वर्ष मात्र ३५५ कुकुरको बन्ध्याकरण गरिएको थियो।" हिंस्रक स्वभाव भएका र बेवारिसे छाडिएका घरपालुवा कुकुरले वन्यजन्तुमाथि आक्रमण गर्ने गरेको उहाँको भनाइ छ।

छाडा कुकुरले घरपालुवा जनावरमाथि पनि आक्रमण गर्ने गरेको स्थानीयवासी बताउँछन्। छाडा कुकुरले हिमाली तथा उच्च पहाडी भेगमा चौरीमा बाच्छाबाच्छीमाथि बढी आक्रमण गर्ने गरेका छ । आयोजना प्रमुख डा कडरियाले संरक्षण क्षेत्रको भ्रमणमा आउने गरेका पर्यटकलाई पनि त्यस्ता कुकुरले दुःख दिने गरेको सुनाउनुभयो । कुकुरलाई छाडा नछोड्न समुदायमा सचेतना अभियान पनि सञ्चालन गर्ने गरिएको उहाँको भनाइ छ।

छाडा कुकुरको आक्रमणसँगै अवैध चौरीसिकार, सवारीसाधनको ठक्कर आदि कारणले पनि यस क्षेत्रमा वन्यजन्तु मर्ने गरेका छन्। आयोजना कार्यालयको आँकडा अनुसार पछिल्लो तीन वर्षमा २५ वन्यजन्तुको अवैध सिकार गरिएको थियो भने सात वन्यजन्तु सवारीसाधनको ठक्करबाट मरेका थिए । "बढीजसो पासो थापेर र घरेलु बन्दुक प्रयोग गरेर वन्यजन्तुको सिकार गर्ने गरिएको छ", आयोजना प्रमुख डा कडरियाले भन्नुभयो, "चोरीसकार नियन्त्रणका लागि सुरक्षा गस्ती बढाइएको छ, ड्रोनबाटसमेत निगरानी गर्ने गरिएको छ।" कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडामा समेटिएको अन्नपूर्ण संरक्षण क्षेत्र जैविक विविधताका दृष्टिले महत्वपूर्ण मानिन्छ।

यस क्षेत्र हिउँचितुवा, कस्तुरीमृग, नाउर, हिमाली थारजस्ता जनावर र हिमाली वनस्पतिका लागि प्रख्यात छ । यहाँ विभिन्न प्रकारका स्तनधारी वन्यजन्तु, दुर्लभ पक्षी तथा सरिसृपहरू पाइने आयोजना प्रमुख डा कडरियाले बताउनुभयो।

देवेन्द्र-भगवान स्मृति छात्रवृत्ति अक्षयकोषमा रकम हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक



देवेन्द्र-भगवान स्मृति छात्रवृति अक्षयकोषका लागि रकम हस्तान्तरण गरिएको छ । पोखराको बाटुलेचौरस्थित विन्ध्यवासिनी माध्यमिक विद्यालयबाट २०३८ सालको प्रवेशिका परीक्षामा संलग्न समुहले कोष स्थापना गर्न संकलन गरेको रकम शुक्रबार विद्यालयलाई हस्तान्तरण गरेको संयोजक रामबहादुर बानियाँले जानकारी दिए।

२ लाख ११ हजार १११ रुपैयाँको अक्षयकोषको बाँकी रकम ६० हजार १११ रुपैयाँ संयोजक बानियाँ, दुर्गालाल श्रेष्ठ र केशव प्रसाद आचार्यले विद्यालयका प्रधानाध्यापक कृष्ण प्रसाद आचार्यलाई हस्तान्तरण गरे । समुहले यसअघि कोषका लागि १ लाख ५१ हजार प्रदान गरेको थियो । रकम संकलनका लागि समुहले अभियान नै संचालन गरेको थियो । कोषका लागि एस एल सी ब्याच २०३८ का विद्यार्थीले सहयोग गरेका छन् । समुहले तत्कालिन विद्यालयका प्रधानाध्यापक स्वर्गीय देवेन्द्रराज रेग्मी र भगवानसिंह आलेको स्मृतिमा वि.सं २०८१ माघमा सो अक्षयकोष स्थापना गरेको हो । सो रकमवाट प्राप्त व्याजले कक्षा ६ मा अध्ययन गर्ने उत्कृष्ट गरिव तथा जेहेन्दार विद्यार्थीलाई नगद ६ हजार रुपैयाँ, दश कक्षामा पढिन्जेलसम्म निरन्तर प्रदान गरिने बताईएको छ।

श्रीधर ...

उहाँको भनाइ छ । यसैबिच, गण्डकी प्रदेश सरकारले प्रदेश खेलकुद परिषद्का सदस्य सचिव शर्मालाई पदक वितरणमा अनियमितता तथा प्रक्रियागत त्रुटि गरेको आरोपमा पदमुक्त गर्ने निर्णय गरेको थियो। गत कात्तिक १८ गतेको मन्त्रिपरिषद् बैठकले शर्मालाई पदमुक्त गर्ने निर्णय गरेको थियो। सरकारले वितरण गरेको प्रदेश खेलकुद पदकमा आवश्यक मापदण्ड पूरा नगरी पुरस्कार वितरण गरिएको, पदक सिफारिस समितिको निर्णयबिना पदक बाँडिएको तथा सिफारिस प्रक्रियामा संलग्न व्यक्तिहरू र उनीहरू आबद्ध संस्थालाई नै पदक प्रदान गरिएको आरोप उनीमाथि लगाइएको थियो।

विवादपछि मन्त्रालयका सचिव डा.शेषनारायण पौडेलको संयोजकत्वमा गठित तीन सदस्यीय छानबिन समितिले पदक वितरण प्रक्रियामा गम्भीर त्रुटि र लापरबाही भएको निष्कर्षसहित शर्मालाई कारबाही गर्न सिफारिस गरेको थियो। सोही प्रतिवेदनका आधारमा सरकारले शर्मासँग सातदिने स्पष्टीकरण मागेको र स्पष्टीकरण चित्तबुझदो नभएको निष्कर्षसहित पदमुक्त गर्ने निर्णय गरेको जनाएको थियो।

शर्मालाई पदमुक्त गरेपछि अर्को व्यवस्था नभएसम्मका लागि मन्त्रालयका उपसचिव दीपेन्द्र परियारलाई सदस्य सचिवको जिम्मेवारी दिइएको छ। प्रदेश खेलकुद पदक स्थापना तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८१ मन्त्रिपरिषद् बाट पारित भई लागू भएपछि सोही कार्यविधिअनुसार असार ३० गते पदक तथा सम्मान वितरण गरिएको शर्माले बताउनुभयो । पदक वितरणको संस्थागत निर्णय प्रक्रियामा सहभागी मन्त्री तथा सचिवको भूमिकालाई बेवास्ता गरी आफूलाई मात्र जिम्मेवार बनाइएको उहाँको आरोप छ।

त्यस्तै, छानबिन समितिका संयोजकसमेत मन्त्रालयका सचिव भएकाले छानबिन प्रक्रियामा स्वार्थ बाझिएको हुन सक्ने र प्राकृतिक न्यायको सिद्धान्तसमेत पालना नभएको शर्माको जिकिर छ।

यता प्रदेश सरकारले भने छानबिन समितिको प्रतिवेदन र स्पष्टीकरणको आधारमा कानुनअनुसार पदमुक्त गर्ने निर्णय गरिएको जनाएको छ । पदक वितरण प्रक्रियामा अनियमितता र प्रक्रियागत त्रुटि भएको सरकारको आरोप छ।

त्यसै गरी प्रमुख सचिव, मन्त्रालयका सचिव, हाल तोकिएका सदस्य सचिव सहितका ७ जनालाई विपक्षी बनायर रिट दायर गरेको शर्माले जनाउनु भयो।

चितवन राइनोजद्वारा जनकपुर बोल्ट्स पराजित

रासस
काठमाडौं, २७ कार्तिक

तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) टी-२० क्रिकेटअन्तर्गत शुक्रबारको दोस्रो खेलमा चितवन राइनोजले जनकपुर बोल्ट्सलाई ४ विकेटले पराजित गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा जनकपुरले दिएको ८९ रनको लक्ष्य चितवनले १७ दशमलव २ ओभरमा छ विकेटको क्षतिमा भेट्टायो। चितवनका लागि डेविड मलानले अर्विजित ३५, कुशल मल्लले १५, रवि बोपाराले १३ र कामिल मिसारालेे १२ रन बनाए। बलिङतर्फ जनकपुर बोल्ट्सका लागि राहुल यादवले ३, ललितनारायण राजवंशीले २ र विशाल सुस्लिङले एक विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ रोजेको जनकपुरले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ८८ रन बनायो। जनकपुरका लागि कप्तान हरमित सिंहले २५, विशाल सुस्लिङले १५ तथा सन्तोष कार्की र राहुल यादवले समान १०/१० रन बनाए। बलिङतर्फ चितवनका लागि रञ्जित कुमारले ३, कप्तान सिकन्दर रजा र कामिल मिसरालेे समान २/२ तथा रिजन ढकाल र कमल सिंह ऐरीले एक एक विकेट लिए। यो जितपछि चितवन अङ्क तालिकाको चौथो स्थानमा उक्लिएको छ। उसले छ खेल खेल्दा तीनमा जित, दुई खेलमा पराजय र एक खेलमा वर्षाका कारण अङ्क बाँडेको छ।





फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिरदेल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

छठ व्रत विधि सुरु

पूर्णप्रसाद मिश्र
काठमाडौं, २७ कार्तिक/रासस



राजधानी काठमाडौँ सहरमा प्रत्येक वर्ष छठ बर्तालुको सङ्ख्या वृद्धि हुँदै गएको छ।

भगवान् सूर्यदेव र नदीको श्रद्धा भक्तिपूर्वक पूजा, आराधना गरी मनाइने छठ पर्वका लागि बर्तालु राजधानीका छठ घाटमा स्थान खोज्न व्यस्त छन् । राजधानीमा करिब डेढ दर्जन स्थानमा भव्य रुपमा छठ पर्व मनाइने गरिएको छ।

कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको पर्व राजधानीमै मनाउनेको सङ्ख्या प्रत्येक वर्ष बढ्दै गएको छठ पूजा समिति गुह्येश्वरीले जनाएको छ।

गौरीघाटबाट गुह्येश्वर ीसम्मको वाग्मती नदी किनारमा यस वर्ष ६०० छठ घाटको व्यवस्था गरिएको समितिका अध्यक्ष अनिल सिंहले राससलाई जानकारी दिनुभयो।

विगत वर्षमा यहाँ ५५० छठ घाट निर्माण गरिएको थियो । निर्माण गरिएका सबै छठ घाट भाइटीका अघि नै 'बुक' भइसकेको उहाँले बताउनुभयो । उहाँका अनुसार अहिले पनि दैनिक फोन र स्थलगत रुपमा कार्यालयमै आइ छठ घाट खोज्नेहरु आइरहेका छन्। गौरीघाटबाट गुह्येश्वरीस्थित अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको कार्यालयअधिका नदी किनारसम्म छठ घाट निर्माण गरिएको छ।

त्यस क्षेत्रको वाग्मती किनारमा प्रत्येक वर्ष छठ घाट निर्माणस्थल विस्तार भएर गइरहेको छ । गत वर्ष गुह्येश्वरी मन्दिरअघिसम्म मात्र छठ घाट निर्माण गरिएको थियो । गत वर्ष बनाएका छठ घाटले नपुगेपछि यस वर्ष करिब ५० वटा छठ घाट वृद्धि गरिएको छ। वृद्धि गरिएको घाट पनि 'बुक' भएर थप माग भइरहेको समितिले जनाएको छ। दुई दशकअघिसम्म राजधानीमा मधेसी समुदायले मात्र छठ व्रत बसी पूजा, आराधना गरेकामा पछिल्लो समय अन्य समुदायको पनि सहभागिता बढ्न थालेको हो । अहिले छठ मनाउनेमध्ये करिब २१ प्रतिशत मधेसी समुदायबाहेक रहेको अभिलेख पनि समितिले राखेको छ।

छठको व्रत विधि सुरु

छठ पर्वका सन्दर्भमा आजैदेखि कात्तिक शुक्ल चतुर्थीका दिन स्नान गरी चोखो खाएर बस्ने गरिन्छ । आजदेखि छठ नसकिएसम्म बर्तालुले माछा, मासु, लसुन, कोदो, फापर, मुसुरोआदि नखाने विधि छ । चतुर्थीको कर्मलाई अरबाइन वा अरबा भनिन्छ।

मनोकाङ्क्षा पूरा हुने विश्वासमा महिलाले छठमा कठोर व्रत गर्छन्। विशेषगरी तराईमा मनाइने मिथिला संस्कृतिमा आधारित छठ पर्व विसं २०४६ पछि काठमाडौँलगायत पहाडमा मनाउन थालिएको हो।

विसं २०४६ देखि नै सरकारले यस पर्वका दिन सार्वजनिक बिदा दिन थालेको हो । विसं २०६३ पछि भने काठमाडौँको थापाथली, गुह्येश्वरी, गौरीघाट र रानीपोखरीमा पनि विशेष महत्वका साथ यो पर्व मनाउने गरिँदैआएको छ।

रानीपोखरीमा भूकम्पपछिको पुनर्निर्माणसँगै छठ मनाउन बन्द भएको छ । यसअघिदेखि नै वाग्मती र विष्णुमती नदीकिनारमा छठ मनाउने संस्कृति सुरु भएको थियो । कार्तिक शुक्ल पञ्चमीका दिनमा निर्जल उपवास बस्ने गरिन्छ । त्यस दिन बेलुकी घरमा खीर बनाई चन्द्रमालाई अर्पण गरी एक छाक खाने गरिन्छ । यसलाई खरना भन्ने गरिएको काठमाडौँमा छठ मनाउँदै आउनुभएका रणेन्द्र कुशवाहाले बताउनुभयो । उहाँले भन्नुभयो, "षष्ठीका दिन बर्तालुले ठेकुवा, फलफूल, मिठाई र रोटी सूर्य एवं छठी मातालाई चढाउने गरिन्छ, रोटीमा सूर्यको रथका पाङ्ग्रा अङ्कित गरिन्छ।"

षष्ठीका दिन पक्वान्न, फलफूल र नरिवललाई बाँसको टोकरीमा सजाएर माथिबाट कपडाले छोपिन्छ । साँझपख बत्ती बालेर माटाको घडाको साथ गीत गाउँदै नदी वा तलाउका किनारमा गइन्छ । डुब्न लागेका सूर्यलाई अर्घ्य दिई प्रणाम गरिन्छ। अर्घ्य दिएपछि तीनपटक पानीमा डुबुल्की मारी मनोरञ्जन गर्दै त्यहीँ रात बिताइन्छ । सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई दर्शन गर्न बिहान ४:०० बजेदेखि नै प्रतीक्षा गरिन्छ। उदाउँदो सूर्यलाई गाईको दूध, फूल र जलले अर्घ्य दिइन्छ । यसरी घाटमा गरिने पूजालाई भिन्सरघाट भनिन्छ।

बिहानै घाटमा गरिने पूजा भएकाले भिन्सरघाट भनिएको हो । सूर्योदयकालमा अर्घ्य दिई सूर्यको दर्शन गरेपछि छठ पूजा सकिन्छ। सूर्यको दर्शन गर्दा भक्त लुगासहित कम्मरसम्मको पानीमा डुबेर सूर्य दर्शन गर्ने विधि रहेको रीता यादव बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "पृथ्वीमा भएका जीवको सञ्चालन र संरक्षण जल एवं सूर्यबाट भएकाले नदीलाई माता, सूर्यलाई सम्पूर्ण शक्तिको स्रोतका रुपमा मानी विशेष पूजा गर्ने गरिएको हो।"

कार्तिक शुक्ल पक्षमा सूर्यको पूजा गर्नाले मनोकाङ्क्षा पूरा भई इच्छाएको फल प्राप्त हुने उल्लेख शास्त्रमा गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताउनुभयो।

सन्तान प्राप्तिको कामनाले व्रत गर्ने धेरै

सूर्यको उपासना गर्ने र शुद्धताको प्रतीक भएकाले तराईबाट सुरु भई हाल पहाड र हिमाली क्षेत्रसम्म पनि छठ मनाउन थालिएको छ।

सूर्य पूजा र दर्शन गरी विवाहिता महिला पुरुषले पति पत्नीको दीर्घायु एवं अविवाहित केटाकेटीले सुयोग्य वर वधु प्राप्तिको कामना गर्ने प्रचलन छ। सन्तान प्राप्तिको कामनाले यो पर्व मनाउनेको सङ्ख्या पनि उल्लेख्य रहेको पाइन्छ। छठ पूजा समिति गुह्येश्वरीका उपाध्यक्ष राजकुमार पोद्दार सन्तान प्राप्तिको कामनाले छठ व्रत गर्नेहरु बढिरहेको बताउनुहुन्छ। छालासँग सम्बन्धित रोगबाट मुक्तिको कामनाले व्रत गर्ने दोस्रो नम्बरमा हुने गरेका छन् । अन्य कामनाले व्रत गर्नेहरु पनि छन् । उक्त पर्वमा मुस्लिम, बौद्ध र जैन धर्मावलम्वीको समेत सहभागिता रहने गरेको छ। कमलपोखरी, गुह्येश्वरीलगायत काठमाडौँमा निर्माण भएका छठ घाटमा बौद्ध, जैन र मुस्लिम धर्मावलम्बी पनि सूर्यदेवको पूजा, आराधनाका लागि आउने गरेका छन् । यसरी छठ पर्व धार्मिक सहिष्णुताको प्रतीक पनि बन्न सफल भएको छ।

राजधानीका गुह्येश्वरी, कमलपोखरी, टेकु, वंशीघाट, बल्खुलगायत वाग्मती र विष्णुमती नदी किनारमा छठ घाट निर्माण गरी आकर्षक रुपमा सजाउन थालिएको छ । छठ घाट निर्माण भइरहेका स्थलमा अहिले स्थानका लागि स्थान लिन जानेको घुइँचो देखिन्छ।

छठ व्रतको शास्त्रीय एवं पौराणिक मान्यता

सर्वप्रथम छठीमाताले सूर्यदेवलाई खुसी पारी यो पर्व मनाउन थालिएको धार्मिक विश्वास छ । महाभारतकालमा द्रोपदीसहित पाण्डव अज्ञातवासमा रहँदा गुप्तवास सफल होस् भनी सूर्यदेवलाई पूजा, आराधना गरेका थिए । पाण्डव विराट राजाका दरबारमा बसेका बेला गरेको सूर्य पूजाका प्रभावले अज्ञातवास सफल भएको विश्वासमा यो पर्व मनाउन सुरु गरिएको एकथरी मत छ । सूर्य पुराणमा उल्लेख भएअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन् । फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि 'छठ पर्व' मनाउने परम्पराको सुरुआत भएको अर्काथरीको भनाइ छ।

यसैबीच, गुह्येश्वरी क्षेत्रको छठ घाट निर्माणका क्रममा यस क्षेत्रको वाग्मती नदी पनि सफाइ गरिएको छ । अधिकार सम्पन्न वाग्मती समितिले नै यस क्षेत्रको वाग्मतीमा डोजर लगाएर सफाइ गर्ने र बालुवा एवं माटो सम्याउने काम सम्पन्न गरेको छ।

यसैगरी, कमलपोखरीमा पनि छठ घाट निर्माण भइरहेको कमलपोखरी छठ पूजा समितिका अध्यक्ष राजेन्द्र सिंहले राससलाई जानकारी दिनुभयो । दुवै स्थानमा कात्तिक २९ गते बेलुकी राष्ट्रपति रामचन्द्र पौडेलले विशेष पूजा एवं छठ पर्व अवलोकन गर्नुहुने कार्यक्रम रहेको छ।

उहाँले अस्ताउँदो सूर्यलाई अर्घ्य दिई छठ पर्वको शुभारम्भ गर्नुहुने जनाइएको छ । यस वर्ष कात्तिक २९ गते आइतबार बेलुकी अस्ताउँदो र कात्तिक ३० गते सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिइने कार्यक्रम रहेको छ। सूर्यलाई अर्घ्य दिएसँगै चार दिने छठ पर्व समापन हुनेछ।



धान झार्दै किसानः
कास्कीको माछापुच्छे गाउँपालिका-३ घाचोकका किसान परम्परागत रूपमा धान झार्दै । कतिपय स्थानमा थ्रेसरबाट धान झार्ने र धन्काउने गरिए पनि जिल्लामा अधिकांस ठाउँमा परम्परागत रूपमै धान धन्काउने गरिएको छ। तस्बिरः कृष्ण दवाडी/रासस

आवासीय विद्यालय बनाउन म्याग्दीमा महायज्ञ

पोखरापत्र संवाददाता
म्याग्दी, २७ कार्तिक

म्याग्दीको मङ्गला गाउँपालिका-१ कुहुँस्थित दीपशिखा माध्यमिक विद्यालयलाई आवासीय विद्यालयका रूपमा विकास गर्ने उद्देश्यले आर्थिक स्रोत जुटाउन महायज्ञ सञ्चालन गरिएको छ।

आगामी मङ्सिर ३ गतेसम्म विद्यालय परिसरमा सञ्चालन हुने 'म्याग्दी मालिका टोड्के शैक्षिक एवं धार्मिक महोत्सव, श्रीमद् भागवत धनधान्याचल सप्ताह ज्ञान महायज्ञ' को आज गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले उद्घाटन गर्नुभयो।

विद्यालयलाई आवासीय स्वरूपमा रूपान्तरण गर्ने, सूचना प्रविधिको प्रयोगमार्फत पठनपाठन, सिकाइ उपलब्धि र शैक्षिक गुणस्तर सुधार गर्ने तथा खेलमैदान निर्माणका लागि जग्गा खरिद गर्ने उद्देश्यले महायज्ञ आयोजना गरिएको व्यवस्थापन समितिका अध्यक्ष डेगबहादुर घर्ती क्षेत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार विपन्न, भौगोलिक रूपमा विकट तथा पहुँचबाहिरका स्थानका विद्यार्थीलाई आवासीय सुविधा उपलब्ध गराई अतिरिक्त कक्षा सञ्चालनमार्फत सिकाइ उपलब्धि बढाउने लक्ष्य राखिएको छ । प्रविधिको प्रयोग र शैक्षिक गुणस्तर सुधार गरी अध्ययनका लागि बालबालिकालाई सहर बजार लैजानुपर्ने बाध्यता कम गर्नु पनि महायज्ञको उद्देश्य रहेको उहाँले बताउनुभयो । महायज्ञबाट रु तीन करोड सङ्कलन र रु दुई करोड बचत गर्ने लक्ष्य राखिएको विद्यालयका प्रधानाध्यापक डा नन्दबहादुर खत्रीले बताउनुभयो । महायज्ञ सुरु हुनुअघि नै रु ४० लाखभन्दा बढी सहयोग घोषणा भइसकेको उहाँले जानकारी दिनुभयो । प्रवास तथा देशका विभिन्न स्थानमा रहेका पूर्वविद्यार्थी र स्थानीयवासीबाट सहयोगको प्रतिबद्धता आउने क्रम जारी रहेको उहाँले बताउनुभयो।

महायज्ञमा भागवत पाठ-पारायण, पूजाआजा, भजनकीर्तन, कलशयात्रा, आरती र झाँकी प्रदर्शनलगायत कार्यक्रम सञ्चालन गरिने विद्यालयले जनाएको छ।

कक्षा १ देखि १२ सम्म पठनपाठन हुँदै आएको विद्यालयमा हाल १९६ विद्यार्थी अध्ययनरत छन्। विसं २०१७ मा स्थापना भएको विद्यालयमा विसं २०४७ देखि माध्यमिक र विसं २०६५ देखि कक्षा ११ र १२ को पठनपाठन सञ्चालन हुँदै आएको सहायक प्रधानाध्यापक हरिकृष्ण भट्टराईले जानकारी दिनुभयो।

प्रदेशसभा सदस्य जुग्जालीले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै जानु प्रमुख शैक्षिक चुनौती बनेको उल्लेख गर्दै दीपशिखा माविले अघि सारेको स्मार्ट तथा आवासीय विद्यालयको अवधारणा प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले विद्यालयको अभियानलाई प्रदेश तहबाट आवश्यक सहजीकरण र सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । महायज्ञ सुरु हुनुअघि कुहुँदेखि टोड्के हुँदै पूर्णगाउँ भएर पुनः कुहुँसम्म कलशयात्रा गरिएको थियो।

बन्दीपुरमा ६७ फिट अग्लो राष्ट्रिय झण्डासहितको पार्क निर्माण हुँदै

पोखरापत्र संवाददाता
दमौली, २७ कार्तिक

तनहुँको बन्दीपुर गाउँपालिका-१ तल्लोटारमा ६७ फिट अग्लो राष्ट्रिय झण्डासहितको पर्यटकीय पार्क निर्माण गरिने भएको छ। पृथ्वीराजमार्ग नजिकै निर्माण गर्न लागिएको पार्कमा राखिने विशाल राष्ट्रिय झण्डा बिहीबार पहिलोपटक बन्दीपुर बजारमा प्रदर्शन गरिएको छ।

पार्क निर्माण सम्पन्न भएपछि बन्दीपुरको पर्यटन प्रवर्द्धनसँगै पृथ्वीराजमार्ग भएर यात्रा गर्ने आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने लक्ष्य राखिएको निर्माण समितिले जनाएको छ । पोखरा र काठमाडौँबीच आवतजावत गर्ने यात्रुलाई लक्षित गरी राजमार्ग नजिकै नयाँ पर्यटकीय गन्तव्य विकास गर्न लागिएको हो।

पार्कमा राखिने राष्ट्रिय झण्डाको उचाइ ६७ फिट, लम्बाइ ४५ फिट र चौडाइ ३० फिट हुनेछ । विशाल झण्डासहितको पार्क निर्माण गर्ने योजनालाई स्थानीयस्तरमा पर्यटन प्रवर्द्धनसँग जोडेर अघि बढाइएको छ। झण्डा पार्क निर्माण समितिका संयोजक शेरबहादुर रानाका अनुसार पार्क निर्माणको काम श्रमदानबाट अघि बढाइएको छ । हालसम्म रु १५ लाखभन्दा बढी बराबरको निर्माण कार्य सम्पन्न भइसकेको उहाँले जानकारी दिनुभयो । पार्क



निर्माणको योजना र विशाल झण्डाबारे सर्वसाधारणलाई जानकारी गराउँदै प्रचारप्रसार गर्ने उद्देश्यले झण्डा प्रदर्शन गरिएको हो । झण्डा सार्वजनिक भएपछि निर्माणाधीन पार्कबारे स्थानीयवासी तथा बन्दीपुर भ्रमणमा आउने पर्यटकलाई जानकारी पुग्ने अपेक्षा गरिएको छ । पार्क निर्माणका लागि स्थानीयवासीले श्रमदानसँगै आर्थिक सहयोग जुटाउने अभियानसमेत सञ्चालन गरेका छन्। यसैक्रममा निर्माणका लागि आर्थिक स्रोत जुटाउने उद्देश्यले बन्दीपुर बजारमा देउसीभैलो कार्यक्रम आयोजना गरिएको छ। तिहारको सांस्कृतिक परम्परालाई निर्माण अभियानसँग जोड्दै देउसीभैलोबाट सङ्कलित रकम पार्क निर्माणमा खर्च गर्ने योजना रहेको स्थानीय अगुवा बासु पन्तले बताउनुभयो। उहाँका अनुसार स्थानीयवासीको सक्रिय सहभागितामा निर्माण कार्य भइरहेको छ । श्रमदान र आर्थिक सहयोग जुटाएर पार्कलाई पूर्णता दिने लक्ष्य राखिएको छ। सामूहिक प्रयासबाट बन्दीपुरमा नयाँ पर्यटकीय आकर्षण थपिने विश्वास गरिएको उहाँले बताउनुभयो।

प्राकृतिक सुन्दरता, मौलिक संस्कृति र पुराना बस्तीका कारण बन्दीपुर पर्यटकीय गन्तव्यका रूपमा परिचित छ । यहाँ आउने पर्यटकलाई लक्षित गरी थप पूर्वाधार निर्माण गर्ने क्रममा पृथ्वीराजमार्ग नजिकै विशाल राष्ट्रिय झण्डासहितको पार्क बनाउन लागिएको हो । पृथ्वीराजमार्ग भएर दैनिक ठूलो सङ्ख्यामा यात्रु तथा पर्यटक पोखरा र काठमाडौँ आवतजावत गर्छन्। राजमार्ग नजिकै आकर्षक संरचना निर्माण भएमा यात्रुलाई केही समय रोकिएर अवलोकन गर्न र तस्बिर खिच्न आकर्षित गर्न सकिने स्थानीयको अपेक्षा छ। पार्कले बन्दीपुरको पर्यटकीय पहिचानलाई थप विस्तार गर्ने विश्वास पन्तले व्यक्त गर्नुभयो।

काठमाण्डुलाई हराउँदै सुदूरपश्चिम प्लेअफमा

रासस
काठमाडौं, २७ कार्तिक

सुदूरपश्चिम रोयल्स तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) को प्लेअफमा प्रवेश गरेको छ। काठमाण्डु गोर्खाजलाई ७ रनले हराउँदै सुदूरपश्चिमले प्लेअफमा स्थानमा सुरक्षित गरेको हो।

सुदूरपश्चिम जारी प्रतियोगितामा प्लेअफमा स्थान सुनिश्चित गर्ने दोस्रो टोली हो । यसअघि लुम्बिनी लायन्सले प्लेअफमा स्थान बनाइसकेको छ । शुक्रबारको खेलमा सुदूरपश्चिमले दिएको १२६ रनको लक्ष्य पछ्याएको काठमाण्डुले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर ११८ रन मात्र बनाउन सक्यो । काठमाण्डुका लागि राशिद खानले अविजित ३५, दुशान हेमन्थाले २१, साम हिजलेटले ११ र सन्तोष यादवले १० रन बनाए।

बलिङतर्फ सुदूरपश्चिमका लागि अनिल खरेलले दुई तथा स्कट कुग्लिन, फाबियन एलन र हेमन्त धामीले एक एक विकेट लिए । त्यसअघि कीर्तिपुर स्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १२५ रन बनायो । सुदूरपश्चिमका लागि कप्तान दीपेन्द्रसिंह ऐरीले अर्धशतकीय पारी खेले । उनले ५५ बलमा ५ चौका र २ छक्कासहित ६० रनको पारी खेले। जारी एनपिएलमा कप्तान ऐरीको यो पहिलो अर्धशतक हो।

यस्तै, काठमाण्डुविरुद्ध थरिन्दु रत्नायकेले अविजित २६ र आरिफ शेखले १६ रन बनाए। बलिङतर्फ काठमाण्डुका लागि जहानदाद खानले ३ र सन्तोष यादवले २ विकेट लिए । आजै अर्को खेल चितवन राइनोज र जनकपुर बोल्ट्सबीच हुँदै छ।

तपाईको आज

मेष	: शुभ यात्रा	तुला	: अप्रत्यसित लाभ
वृष	: आर्थिक समस्या	वृश्चिक	: शारीरिक झमेला
मिथुन	: कार्यमा सफलता	धनु	: सत्कार मिल्नेछ
ककर्ट	: झमेला बड्ने	मकर	: मानसिक तनाब
सिंह	: शत्रुको भय	कुम्भ	: सहयोग मिल्नेछ
कन्या	: ब्यापारमा लाभ	मीन	: स्वास्थ्यमा सुधार

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

गोर्खा सैनिकको इतिहास झल्काउने ग्यालरी स्थापना

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

भारतीय भूतपूर्व सैनिक गोर्खा ब्रिगेड नेपाल, पोखराले भारतीय सेनाका गोर्खा रेजिमेन्टहरूको इतिहास झल्काउने ग्यालरी स्थापना गरेको छ।

पोखरा महानगरपालिका-१६ दीपस्थित गोर्खा मेमोरियल म्युजियममा स्थापित उक्त ग्यालरीको हालै भारतीय राजदूतावासका डिफेन्स एटाचे कर्णेल भी शुब्रमण्यमले शुभारम्भ गर्नुभएको थियो । ग्यालरीमा भारतीय सेनाका विभिन्न गोर्खा रेजिमेन्टहरूको ऐतिहासिक पृष्ठभूमि, योगदान, वीरता र बलिदानसँग सम्बन्धित अभिलेख, तस्बिर, पोशाकलगायत सामग्री राखिएको भारतीय भूतपूर्व सैनिक



गोर्खा ब्रिगेड नेपालका अध्यक्ष कर्णेल कृष्णबहादुर खत्रीले बताउनुभयो । "भारतीय गोर्खा सैनिकका ३४ वटा बटालियनको इतिहास, वीरता र योगदानलाई झल्काउने गरी ग्यालरी स्थापना गरिएको छ", उहाँले भन्नुभयो, "ग्यालरीले गोर्खा सैनिकको इतिहास बुझ्न नयाँ पुस्तालाई सघाउने छ, पर्यटकीय हिसाबले पनि यसको महत्त्व बढ्ने हाम्रो विश्वास छ ।" इतिहासको संरक्षण गर्नु आफूहरूको दायित्व सम्झँदै पोखरामा रहेका सम्पूर्ण भारतीय भूतपूर्व सैनकको पहल र सक्रियतामा ग्यालरी स्थापना गरिएको अध्यक्ष खत्रीको भनाइ छ। प्रथम विश्वयुद्धदेखि हालसम्म विभिन्न सैनिक अभियानमा गोर्खा सैनिकहरूले प्रदर्शन गरेको वीरता र बलिदानको इतिहासलाई ग्यालरीमा संरक्षित गरिएको उहाँले बताउनुभयो।

गोर्खाली सैनिकहरूले विश्वका विभिन्न युद्ध तथा सैनिक अभियानमा पुर्याएको योगदान नेपालको मात्र नभई अन्तरराष्ट्रिय पहिचान र गौर वसँगसमेत जोडिएको अध्यक्ष खत्रीको भनाइ छ । भारतीय भूतपूर्व सैनिकहरूको त्याग र पुर्खाहरूको वीरतालाई स्मरण गर्दै गोर्खाली पहिचानलाई संरक्षण, सम्मान र विश्वसामु चिनाउने प्रयासका रूपमा यस ग्यालरीलाई लिइएको छ।

फोनिज युवा पत्रकारिता पुरस्कारको छनोट समिति गठन

पोखरापत्र संवाददाता
पोखरा, २७ कार्तिक

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) कास्कीले प्रदान गर्दै आएको मेजर लक्ष्मीप्रसाद र हुमकुमारी गुरुङ एमभिओ बिइएम सेकेन्ड जिआर युवा पत्रकारिता पुरस्कार-२०८३ का लागि छनोट समिति गठन गरेको छ।

फोनिज गण्डकीका इन्चार्ज रुद्र श्रीषमगरको संयोजकत्वमा गठित समितिको सदस्यमा फोनिज गण्डकीका अध्यक्ष खिमाकुमारी गुरुङ, उपाध्यक्ष सुमन गुरुङ, फोनिज कास्कीका अध्यक्ष बिनु कुमारी थापा र सचिव देविका तामाङ रहनुभएको छ । मेजर लक्ष्मीप्रसाद र हुमकुमारी गुरुङको वैवाहिक वर्षगाँठको अवसर पारेर स्थापना गरिएको उक्त पुरस्कार आदिवासी जनजाति समुदायका क्रियाशील युवा पत्रकारलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिँदै आएको छ । फोनिज कास्कीले २०८२ सालदेखि पुरस्कार प्रदान गर्न सुरु गरेको हो । पहिलो वर्ष कास्कीका क्रियाशील पत्रकार सुमन गुरुङ पुरस्कृत हुनुभएको थियो । आदिवासी जनजातिका हक, अधिकार र पहिचानका सवाललाई पत्रकारितामार्फत उजागर गर्दै कम्तीमा पाँच वर्षदेखि पत्रकारिता क्षेत्रमा क्रियाशील युवा पत्रकारलाई सम्मान तथा प्रोत्साहन गर्ने उद्देश्यले पुरस्कार स्थापना गरिएको यस पुरस्कार आउँदो मंसिर ३ गते वितरण गरिने फोनिज कास्कीका अध्यक्ष थापाले जानकारी दिनुभयो ।

पुरस्कारका संस्थापक मेजर लक्ष्मीप्रसाद गुरुङ सामाजिक क्षेत्रमा समेत सक्रिय हुनुहुन्छ । उहाँ द गोर्खाज बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष, गल्फ संघ कास्की तथा गोर्खा कम्युनिटी कास्की नेपालका संस्थापक अध्यक्ष हुनुहुन्छ । उहाँ विभिन्न सामाजिक संघसंस्थामा आबद्ध रहनुका साथै १८ वर्षदेखि गोर्खा अभियान र सामाजिक कार्यमा सक्रिय रहँदै आउनुभएको छ । उहाँले बेलायत र ब्रुनाईमा ४२ वर्ष सेवा गर्नुभएको थियो ।

नेपाल र दक्षिण कोरियाबीच जलवायु सहकार्य तथा कार्बन वित्तसम्बन्धी सम्झौता

रासस
काठमाडौं, २७ कार्तिक

नेपाल र गणतन्त्र कोरिया (दक्षिण कोरिया) बीच जलवायु परिवर्तन न्यूनीकरण, कार्बन वित्त परिचालन तथा हरितगृह ग्यास उत्सर्जन घटाउने उद्देश्यले जलवायु परिवर्तनसम्बन्धी सहकार्यको रूपरेखा सम्झौतामा हस्ताक्षर भएको छ।

पेरिस सम्झौताको धारा ६ अन्तर्गत भएको उक्त सम्झौताले दुई देशबीच कार्बन बजार, जलवायुमैत्री लगानी, प्रविधि हस्तान्तरण, जलवायु अनुकूलन तथा दिगो विकासका क्षेत्रमा सहकार्यका नयाँ अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ।

सम्झौताअनुसार नेपाल र दक्षिण कोरियाबीच उत्सर्जन न्यूनीकरणसम्बन्धी परियोजना विकास तथा अन्तरराष्ट्रिय रूपमा मान्यता प्राप्त उत्सर्जन न्यूनीकरण उपलब्धिको हस्तान्तरण गर्न सकिनेछ । यसबाट अन्तरराष्ट्रिय कार्बन वित्त परिचालन हुनुका साथै जलवायु अनुकूलन तथा न्यूनीकरणका क्षेत्रमा सार्वजनिक र निजी क्षेत्रको लगानी प्रवर्द्धन हुने विश्वास गरिएको छ।

सम्झौताले नवीकरणीय ऊर्जा, यातायात, उद्योग, भवन, फोहर व्यवस्थापन, कृषि तथा वन क्षेत्रलाई सहकार्यका प्राथमिकता प्राप्त क्षेत्रका रूपमा समेटेको छ। यी क्षेत्रमा जलवायुमैत्री परियोजना विकास, लगानी विस्तार तथा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहन गरिनेछ।

त्यसैगरी, कार्बन उत्सर्जनको पारदर्शी लेखाङ्कन, अनुगमन, प्रतिवेदन तथा प्रमाणीकरण प्रणाली (एमआरभी), समायोजन प्रक्रिया र उत्सर्जन न्यूनीकरणको दोहोरो गणना रोक्ने व्यवस्थासमेत सम्झौतामा समावेश गरिएको छ । यसले कार्बन कारोबारमा वातावरणीय अखण्डता कायम राख्न तथा अन्तरराष्ट्रिय जलवायु प्रतिबद्धता पूरा गर्न सहयोग पुग्नेछ । कार्बन बजारका अतिरिक्त जलवायु विज्ञान, अनुसन्धान, प्राविधिक नवप्रवर्तन, जलवायु अनुकूलन, मिथेन उत्सर्जन न्यूनीकरण तथा न्यायोचित ऊर्जा रूपान्तरणका क्षेत्रमा पनि दुई देशबीच सहकार्य हुनेछ । यसका लागि सरकारी निकाय, विश्वविद्यालय, अनुसन्धानकर्ता, लगानीकर्ता तथा निजी क्षेत्रका संस्थाबीच ज्ञान, सीप र प्रविधि आदानप्रदान गरिने सम्झौतामा उल्लेख छ । नेपालको राष्ट्रिय निर्धारित योगदान (एनडीसी) ३.० कार्यान्वयन, जलवायु उत्थानशीलता अभिवृद्धि तथा सन् २०४५ सम्म खुद शून्य हरितगृह ग्यास उत्सर्जनको लक्ष्य हासिल गर्न पनि यो सम्झौता महत्वपूर्ण हुने अपेक्षा गरिएको छ।

सम्झौताको कार्यान्वयन, संयुक्त कार्ययोजना स्वीकृति तथा सहकार्यका गतिविधिको अनुगमनका लागि दुवै देशका सरकारी प्रतिनिधि सम्मिलित जलवायु परिवर्तन सहकार्यसम्बन्धी संयुक्तसमितिगठनगरिनेछ।समितिले आवश्यकताअनुसार कार्बन बजार संयन्त्र तथा जलवायु विज्ञान र प्रविधिसम्बन्धी विशेष उपसमितिसमेत गठन गर्न सक्ने व्यवस्था छ। जलवायु परिवर्तनका कारण नेपालले बाढीपहिरो तथा हिमाली क्षेत्रमा बढ्दो जोखिमलगायत गम्भीर चुनौती सामना गरिरहेको अवस्थामा यस किसिमकोअन्तरराष्ट्रियसाझेदारीले जलवायु वित्त परिचालन, प्रविधि विकास र राष्ट्रिय क्षमता अभिवृद्धिमा योगदान पुर्‍याउने विश्वास नेपाल सरकारले व्यक्त गरेको छ । सम्झौताबाट प्राप्त अवसरलाई ठोस लगानी, प्रविधि साझेदारी, क्षमता विकास तथा मापनयोग्य जलवायु उपलब्धिमा रूपान्तरण गर्ने नेपालको अपेक्षा छ । यसअघि नेपालले गत वर्ष जे-रेड प्लस कार्यक्रमअन्तर्गत लिफ कोलिसनसँग उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौता (इआरपीए) मा हस्ताक्षर गरेको थियो । उक्त कार्यक्रममा दक्षिण कोरिया सरकारसमेत साझेदारका रूपमा सहभागी छ । सम्झौतामा नेपाल सरकारका तर्फबाट सहसचिव तथा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिका सम्पर्क व्यक्ति डा महेश्वर ढकाल र दक्षिण कोरिया सरकारका तर्फबाट जलवायु परिवर्तनसम्बन्धी राजदूत तथा विदेश मन्त्रालयका उपमन्त्री जोङ्हो क्युनले हस्ताक्षर गर्नुभएको छ । नेपाल सरकारले दक्षिण कोरिया सरकारप्रति साझेदारी र प्रतिबद्धताका लागि आभार व्यक्त गर्दै यस सम्झौताले दुवै देशबीच प्रभावकारी, पारदर्शी तथा पारस्परिक लाभमा आधारित जलवायु सहकार्यलाई थप विस्तार गर्ने विश्वास व्यक्त गरेको छ।

बागलुङमा सडकका कुकुरको व्यवस्थापन गर्न 'कुकुर होस्टेल'

पोखरापत्र संवाददाता
बागलुङ, २७ कार्तिक

बागलुङ नगरपालिकाले सडकमा छाडिएका तथा भुस्याहा कुकुरको व्यवस्थापनका लागि सञ्चालनमा ल्याएको 'कुकुर होस्टेल' प्रभावकारी बन्दै गएको छ।

सडकका कुकुरको उद्धार गरी आवास, खानपान र उपचारको व्यवस्था गरिएको होस्टेल नेपालमै नमुना कार्यक्रमका रूपमा विकास हुँदै गएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले पाँच महिनादेखि सामुदायिक तथा भुस्याहा कुकुरको व्यवस्थापन गर्दै आएको छ। कुकुरको सङ्ख्या बढ्दै जाँदा बजार क्षेत्रमा समस्या देखिएपछि नगरपालिकाले उद्धार गरी होस्टेलमा राखेर स्याहारसुसार गर्न थालेको हो ।

नगरपालिकाको यो प्रयासबारे जानकारी लिन अन्य स्थानीय तहका प्रतिनिधिसमेत अध्ययनका लागि आउन थालेका छन् । बागलुङ बजारमा सडकका कुकुरबाट समस्या बढेपछि नगरपालिकाले दीर्घकालीन व्यवस्थापनको योजना अघि सारेको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो । नगरपालिकाले पहिलो चरणमा ५० वटा कुकुर राख्न सकिने क्षमताको होस्टेल निर्माण गरी ३० वटा कुकुर राखेर व्यवस्थापन सुरु गरेको छ । नगरपालिकाले लामो समयदेखि सडकमा छाडिएका कुकुर सङ्कलन गर्ने अभियान सञ्चालन गर्दै बागलुङ नगरपालिका-३ स्थित पाँच रोपनी सार्वजनिक जग्गामा होस्टेल निर्माण गरेको हो । जग्गामा तारबारसहितको संरचना बनाउन रु एक करोड खर्च भएको नगरपालिकाको



पशु शाखा प्रमुख मित्रप्रसाद सापकोटाले जानकारी दिनुभयो।

नवप्रवर्तन कार्यक्रमअन्तर्गत बागलुङ नगरपालिकाले मुख्यमन्त्री कार्यालयको साझेदारीमा होस्टेल निर्माण गरेको हो । यसका लागि नगरपालिकाले रु ३५ लाख र मुख्यमन्त्री कार्यालयले रु ६५ लाख खर्च गरेका छन् । होस्टेलमा कुकुरका लागि आवास, खानपान र खुला क्षेत्रमा बस्ने व्यवस्था मिलाइएको छ । सामुदायिक कुकुरको व्यवस्थित संरक्षणका लागि नगरपालिकाले दुई वर्षअघि नै नीति तथा कार्यक्रममा होस्टेल निर्माण गर्ने लक्ष्य समावेश गरेको थियो।

सडकमा छाडिएका कुकुरलाई होस्टेलमा राखेर खानपान र स्याहारको व्यवस्था गर्न थालेपछि बागलुङ बजारको समस्या क्रमशः घट्दै गएको पशु शाखा प्रमुख सापकोटाले बताउनुभयो । उहाँका अनुसार कुकुरको टोकाइबाट हुने जोखिम कम गर्न बजारका करिब एक हजार ८०० कुकुरलाई रेबिजविरुद्धको खोप लगाइएको छ । मानिस र कुकुर दुवैको सुरक्षालाई ध्यानमा राखेर होस्टेल सञ्चालन गरिएको उहाँले बताउनुभयो । सडकमा छाडिएका कुकुरले यात्रुलाई टोक्ने तथा सवारी दुर्घटनाको जोखिम बढाउने गरेकाले समस्या समाधानका लागि होस्टेल निर्माण गरिएको हो । होस्टेलमा रहेका कुकुरको हेरचाहका लागि एक जना कर्मचारी खटाइएको छ भने नगरपालिकाको पशु शाखाले नियमित प्राविधिक उपचारको व्यवस्था मिलाएको छ। सडकमा छाडिएका कुकुरबाट हुने जोखिम र रेबिजलगायत रोग नियन्त्रण गर्न होस्टेल सञ्चालन गरिएको नगरप्रमुख श्रेष्ठले बताउनुभयो । नगर प्रहरीको सहयोगमा पशु विकास शाखाले सडकका कुकुरलाई खोप लगाउने, उद्धार गर्ने र होस्टेलमा पुऱ्याउने काम गरिरहेको छ । पहिलो चरणमा ५० वटा कुकुर व्यवस्थापन गर्ने नगरपालिकाको लक्ष्य छ।

होस्टेलमा कुकुरको मेनु : बिहान दूधभात, बेलुका 'चिकनभात'

होस्टेलमा रहेका कुकुरलाई नियमित खानपान र स्वास्थ्य उपचारको व्यवस्था गरिएको छ। बिहान दूधभात र बेलुका 'चिकनभात' खुवाउने गरिएको नगरपालिकाले जनाएको छ । कुकुरलाई आवश्यकताअनुसार पोषणयुक्त खाना खुवाउनुका साथै पशु शाखाबाट नियमित स्वास्थ्य परीक्षण तथा प्राविधिक उपचारसमेत भइरहेको छ।

जलवायुजन्य विपद्का आवाज विश्वसामु पुऱ्याउने थलो बन्यो नेपाल पेभेलियन

भीष्मराज ओझा
काठमाडौं, २७ कार्तिक/रासस

यही कात्तिक २३ गतेदेखि यहाँ जारी कोप-३१ मा नेपाल सरकारले स्थापना गरेको 'नेपाल पेभेलियन' जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेका विपद्, जलवायु अन्याय तथा अनुकूलनका प्रयास र सफल अभ्यासलाई अन्तरराष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्न प्रभावकारी देखिएको छ।

टर्कीएमा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिका पक्ष राष्ट्रहरूको ३१औँ सम्मेलन (कोप-३१) मा नेपालले आफ्नै पेभेलियनमार्फत जलवायु परिवर्तनका चुनौती, त्यसबाट प्रभावित समुदायका आवाज तथा नेपालले अवलम्बन गरेका अनुकूलनका उपायबारे विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ । नेपालमा पछिल्लो समय भोटेकोसीलगायतका क्षेत्रमा भएका जलवायुजन्य विपद्ले निम्त्याएको क्षति र त्यसबाट उत्पन्न चुनौतीलाई विश्व समुदायसमक्ष उजागर गर्नुपर्ने आवश्यकता महसुस भएपछि आफ्नै पेभेलियन स्थापना गर्ने निर्णय गरिएको कृषि, वन तथा पर्यावरण मन्त्रालयले जनाएको छ । नेपालले जलवायु परिवर्तनका असर भोगिरहेको भए पनि आफ्ना अनुभव, समस्या, अनुकूलनका सफल अभ्यास र प्रयासलाई अन्तरराष्ट्रिय मञ्चमा पर्याप्त रूपमा प्रस्तुत गर्न संयुक्त राष्ट्रसङ्घीय जलवायु सम्मेलनका साइड इभेन्ट मात्र पर्याप्त नहुने देखिएपछि छुट्टै पेभेलियन आवश्यक भएको मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका अनुसन्धान अधिकृत तथा नेपाल पेभेलियनका फोकल पर्सन प्रकाश लामिछानेले जानकारी दिनुभयो।

उहाँका अनुसार पेभेलियन स्थापनाका लागि सुरुमा ठूलो आर्थिक चुनौती देखिएको थियो । पेभेलियनका लागि आवश्यक स्थानको भाडा मात्रै करिब रु डेढ करोड पर्ने अनुमान गरिएको थियो । तत्काल सरकारी स्रोतबाट उक्त रकम व्यवस्थापन गर्न कठिन भएपछि टर्कीए सरकारसँग विभिन्न माध्यमबाट अनुरोध गरिएको थियो। नेपालको अनुरोधपछि टर्कीए सरकारले करिब रु डेढ करोड मूल्य बराबरको पेभेलियनस्थल निःशुल्क उपलब्ध गराएको लामिछानेले बताउनुभयो । पेभेलियनको कूल क्षेत्रफल ४८ वर्गमिटर रहेको छ। यसभित्र कार्यालय प्रयोजनका लागि छुट्टै सानो कोठा तथा बाहिर करिब ३० जना सहभागी अट्ने गरी कार्यक्रम सञ्चालन गर्न मिल्ने मञ्चसहितको व्यवस्था गरिएको छ । स्थान निःशुल्क प्राप्त भए पनि पेभेलियनको सजावट तथा आवश्यक पूर्वाधार व्यवस्थापन अर्को चुनौती बनेको थियो । संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (यूएनएफसीसीसी) र कोप आयोजक समितिको व्यवस्थापनमार्फत सजावट गर्दा करिब एक लाख अमेरिकी डलर खर्च हुने प्रारम्भिक अनुमान गरिएको थियो । त्यति ठूलो रकम जुटाउन कठिन भएपछि आयोजकले अन्ताल्याका स्थानीय बजारबाट कुर्सी, टेबललगायत आवश्यक सामग्री खरिद गरी पेभेलियन व्यवस्थापन गरेको उहाँले जानकारी दिनुभयो । यसरी व्यवस्थापन गर्दा अनुमानित खर्चको करिब ६० प्रतिशतमा काम सम्पन्न गर्न सम्भव भएको उहाँको भनाइ छ । यसका लागि विकास साझेदार तथा जलवायु परिवर्तनको क्षेत्रमा कार्यरत विभिन्न संस्थाले सहयोग गरेका छन् । पेभेलियनको औपचारिक उद्घाटन यही नोभेम्बर ९ मा गरिएको थियो । यद्यपि, यसको तयारीका लागि नेपाली टोली नोभेम्बर ३ देखि नै अन्ताल्यामा खटिएको थियो । आवश्यक सामग्री ढुवानी, जडान, व्यवस्थापन तथा अन्य प्राविधिक र लजिस्टिक तयारीमा भाषागत कठिनाइसमेत सामना गर्नुपरेको लामिछानेले बताउनुभयो।

नेपाल पेभेलियनमा सम्मेलन अवधिभर दैनिक न्यूनतम चारदेखि अधिकतम छवटासम्म कार्यक्रम सञ्चालन गर्ने गरी ४७ देखि ४८ वटा कार्यक्रम तय गरिएको छ । ती कार्यक्रममार्फत नेपालको जलवायु सङ्कट, विपद् जोखिम, अनुकूलनका अभ्यास, जलवायु वित्त, हिमाली क्षेत्रका समस्या तथा जलवायु न्यायका विषयमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय विज्ञ, नीति निर्माता र सरोकारवालाबीच छलफल भइरहेको छ।

लामिछानेका अनुसार नेपाल पेभेलियन केवल कार्यक्रम आयोजना गर्ने स्थल मात्र नभई जलवायु परिवर्तनबाट बढी प्रभावित मुलुकका रूपमा नेपालले भोगिरहेका समस्या, त्यसको न्यूनीकरणका लागि भइरहेका प्रयास र अन्तर्राष्ट्रिय समुदायको दायित्वबारे आवाज उठाउने साझा मञ्चसमेत बनेको छ । नेपालले आफ्ना अनुभव र मुद्दालाई अन्तरराष्ट्रिय समुदायसमक्ष प्रभावकारी रूपमा प्रस्तुत गर्न तथा जलवायु परिवर्तनका क्षेत्रमा भएका राष्ट्रिय प्रयासलाई विश्वव्यापी बहससँग जोड्न पेभेलियनले महत्त्वपूर्ण अवसर प्रदान गरेको छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, लमजुङ

दुई नाम थर र जन्म मिति एउटै व्यक्ति भएको सूचना




लमजुङ जिल्ला सांविक सिन्दुरे गा.वि.स. वडा नं. ०१ हाल सुन्दरबजार नगरपालिका वडा नं. ११ निवासी भारतीय भू.पू.सैनिक नं. ०५७५१९३३ Y र युनिट ७/८ जि.आर.का हवल्दार कृष्ण बहादुर गुरुङको तर्पासिल बमोजिमको पारिवारिक विवरण रहेको बेहोरा सुन्दरबजार नगरपालिका ११ नं. वडा कार्यालयको च.नं. १८१, मिति २०८३/०७/१६ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रोजनार्थ मात्र अनुरोध छ।

नामथर (ना.प्र.बमोजिम)	नामथर (पेन्सन अभिलेख)	नाता	जन्ममिति (वि.सं.)	भारतीय पेन्सन अभिलेख अनुसार	विवाह मिति	कैफियत
कृष्ण बहादुर दुरा	कृष्ण बहादुर गुरुङ	पेन्सनर	२०२७/०२/१७		२०४९/०६/२१	जिवित
पस माया दुरा	पस माया दुरा गुरुङ	श्रीमती	२०३२/०९/२९	११/०१/१९७६	२०४९/०६/२१	जिवित
रमेश दुरा	रमेश दुरा गुरुङ	छोरा	२०५३/०९/१५	२८/१२/१९९६	अविवाहित	२०६८/०७/२० मा मृत्यु
प्रिति दुरा	प्रिति दुरा गुरुङ	छोरी	२०५४/०९/२४	०८/०१/१९९५	२०७७/०८/२६	जिवित
साजन दुरा	साजन दुरा गुरुङ	छोरा	२०५५/०९/१४	२७/१२/१९९८	अविवाहित	जिवित